२०८१ सालको ऐन नं. ६

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः ६ मितिः२०८१।०९।२१

हेटौंडा राजपत्र

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका शिक्षा ऐन, २०७४ को दोस्रो संशोधन ऐन, २०८१

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिका शिक्षा ऐन, २०७४ को संशोधन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका नगर सभाले यो ऐन संशोधन गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस संशोधन ऐनको नाम "हेटौंडा उपमहानगरपालिका शिक्षा ऐन, २०७४ को दोस्रो संशोधन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

**२. दफा ३ को उपदफा (९) पछि उपदफा ९(क) थप गर्नेः** दफा ३ को उपदफा (९) पछि उपदफा ९(क) मा माध्यमिक तह कक्षा ११ र १२ मात्र सञ्चालन गरिरहेका शिक्षण संस्थाले यस

ऐनबमोजिम माध्यमिक तह कक्षा ९ देखि १२ सञ्चालन गर्न माग गरेमा आवश्यक पूर्वाधार पूरा गरेको सुनिश्चित गरी नगर शिक्षा समितिले त्यस्तो शिक्षण संस्थालाई माध्यमिक तह कक्षा ११ देखि १२ सँग जोडिने गरी एक शैक्षिक सत्रमा एकभन्दा बढी कक्षा थप नहुने गरी कक्षा ९ र १० सञ्चालनका लागि अनुमति दिन सक्नेछ ।

**आज्ञाले**
**सूर्य प्रसाद गौतम**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र